त्रिभुवन विश्वविद्यालय
मानविकी तथा सामाजिक शास्त्र सङ्काय
डीनको कार्यालय, बल्खु, काठमाडौं ।

मिति:२०७९/०९/११

## स्नातकोत्तर तथा अधिस्नातक तह (MA& PGD) मा नयाँ विद्यार्थी भर्ना सम्बन्धी सूचना

त्रिभुवन विश्वविद्यालय, मानविकी तथा सामाजिक शास्त्र सङ्काय, डीनको कार्यालयबाट सेमेस्टर प्रणालीमा आधारित **शैक्षिक वर्ष २०२२ (२०७८/०७९)** को अधिस्नातक (PGD) तथा स्नातकोत्तर (MA) तहका केन्द्रीय विभागहरू/क्याम्पसहरू तथा विभाग/कार्यक्रमहरूमा नयाँ विद्यार्थी भर्ना कार्यक्रम देहाय बमोजिम सञ्चालन हुने भएकाले सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ ।

आवेदकहरूद्वारा भर्ना हुन चाहेको विषय तथा अध्ययन गर्न चाहेको केन्द्रीय विभाग/क्याम्पस/कार्यक्रमको नाम उल्लेख गरी यस सङ्कायको वेवसाइट**www.tufohss.edu.np** मा अङ्कित **entrance.tufohss.edu.np** मार्फत अनलाइन आवेदन फाराम भर्न सकिने छ । यसका अलावा विद्यार्थीद्वारा आफू अध्ययनरत केन्द्रीय विभाग/क्याम्पसको नाम उल्लेख गरी http://103.175.192.139/home/ मार्फत आफ्नो रजिस्ट्रेशन गर्न सक्नेछन् भने रजिस्ट्रेशन प्रक्रिया पूरा गरिसकेका विद्यार्थीले http://103.175.192.139/studentportal/login प्रयोग गरी उल्लेखित निर्देशन अनुसार अनलाइन आवेदन फाराम भर्न सक्नेछन् । म्याद नाघी प्राप्त हुन आएका र रीत नपुगेका आवेदन फाराम उपर कुनै कार्यवाही हुने छैन ।

म्याद नाघी प्राप्त हुन आएका र रीत नपुगेका आवेदन फाराम उपर कुनै कार्यवाही हुने छैन । यस सम्बन्धी अन्य विस्तृत विवरण यस सङ्कायको वेवसाइटबाट प्राप्त गर्न सकिने छ ।

- **आवेदनका लागि न्यूनतम योग्यता:** त्रि.वि. वा त्यसबाट मान्यता प्राप्त शिक्षण संस्थाबाट सम्बन्धित विषयमा स्नातक तह वा सो सरहको परीक्षा उत्तीर्ण गरेका एवम् सम्बन्धित विषय समितिले निर्धारण गरेका अन्य मापदण्डहरू पूरा गरेका तथा ३ वर्षे स्नातक कार्यक्रम अन्तर्गत पहिलो र दोस्रो वर्ष उत्तीर्ण भई तेस्रो वर्षको नतिजा पर्खाइमा रहेका तथा ४ वर्षे स्नातक कार्यक्रम अन्तर्गत पहिलो, दोस्रो र तेस्रो वर्ष उत्तीर्ण भई चौथो वर्षको नतिजा पर्खाइमा रहेका परीक्षार्थीहरू यस प्रवेश परीक्षामा सहभागी हुन सक्ने छन् तर भर्ना हुँदा स्नातक तह उत्तीर्ण भएको शैक्षिक प्रमाण-पत्र अनिवार्य रूपमा पेश गर्नुपर्ने छ ।
- **आवेदन फाराम भर्ने समयावधि:** २०७९ साल पौष ०५ गतेदेखि माघ १० गते रातको १२:०० बजेसम्म ।
- **विलम्ब शुल्कमा आवेदन फाराम भर्ने समयावधि** :२०७९ साल माघ ११ गतेदेखि १७ गते रातको १२:०० बजेसम्म ।
- **आवेदन दस्तुर:** रू. १५००/- र विलम्ब दस्तुर रू. ३०००/- (आवेदकहरूले Online मार्फत e-Sewa अथवा Khalti बाट आवेदन दस्तुर जम्मा गर्नु पर्ने छ र जम्मा भएको दस्तुर फिर्ता नहुने व्यहोरा समेत जानकारी गराइन्छ) ।
- **प्रवेश परीक्षा मिति:** नियमित कार्यक्रम तथा आन्तरिक स्रोतबाट सञ्चालित अधिस्नातक (PGD) तथा स्नातकोत्तर (MA) कार्यक्रमहरूको देहाय बमोजिम निर्धारण गरिएको छ :-

  **परीक्षा समय:** दिउँसो १:०० बजेदेखि २:०० वा ३:०० बजेसम्म ।

| S. N. | Exam Date | Programme |
|---|---|---|
| | | **Master's Degree - MA Programme : Regular Programme** |
| **1.** | 2079-10-21 | Anthropology, Buddhist Studies, Economics, English, Fine Arts, Dance, Nepalese History Culture and Archeology (NeHCA), Geography, Hindi, History, Journalism and Mass Communication, Home Science, Library Science, Linguistics, Maithili, Nepalbhasha, Nepali, Political Science, |

| | | |
|---|---|---|
| | | Population Studies, Psychology, Rural Development, Sanskrit and Sociology |
| **2.** | 2079-10-26 | **Post Graduate Diploma Programme: Self-sustainable Programme (आन्तरिक स्रोतबाट सञ्चालित अधिस्नातक (PGD) कार्यक्रमहरू)** |
| | | Counseling Psychology, Dietetics and Public Health Nutrition, School Counseling, Women Studies and Yoga Science |
| **3.** | | **Master's Degree- MA Programme : Self-sustainable Programme (आन्तरिक स्रोतबाट सञ्चालित स्नातकोत्तर कार्यक्रमहरू)** |
| **Group A** | 2079-10-27 | International Relations and Diplomacy(IRD), Conflict Peace and Development Studies (CPDS), Social Work and Sports Science |
| **Group B** | 2079-10-28 | Labour Studies, Counseling Psychology, Governance and Anti-corruption Studies, Gender Studies, Tourism and Hospitality Management Studies and Crisis Management Studies. |

- प्रवेश परीक्षाको अङ्कभार १०० पूर्णाङ्कको हुने छ जसमा स्नातक तहको सम्बन्धित विषयको पाठ्यक्रमका आधारमा वहुवैकल्पिक प्रश्नहरू ५० वटा सोधिने छ । उक्त परीक्षाको उत्तीर्णाङ्क ४० प्रतिशत हुने छ । आन्तरिक स्रोतबाट सञ्चालित स्नातकोत्तर कार्यक्रमहरूको भने सम्बन्धित विषय समितिले निर्धारण गरे बमोजिम हुने छ ।
- **प्रवेश परीक्षाको नतिजा प्रकाशन:** नियमित कार्यक्रमहरूको २०७९ साल माघ २४ गते र आन्तरिक स्रोतबाट सञ्चालित कार्यक्रमहरूको २०७९ साल फागुन ०१ गते ।
- **विद्यार्थी भर्ना :** नियमित कार्यक्रमको २०७९ साल माघ २५ गतेदेखि फागुन ०८ गतेसम्म र आन्तरिक स्रोतबाट सञ्चालित कार्यक्रमहरूको २०७९ साल फागुन ०२ गतेदेखि ०८ गतेसम्म ।
- **कक्षा सञ्चालन:**२०७९ साल फागुन १० गतेदेखि ।
- परीक्षा केन्द्र सम्बन्धी सूचना यस सङ्कायको website: **www.tufohss.edu.np** मा पछि प्रकाशित गरिने छ ।

**नोट:**

- ➢ सम्बन्धित क्याम्पस/विभाग/कार्यक्रमहरूले परीक्षार्थीहरूले अनलाइन मार्फत भरेका आवेदन फारामहरू डीन कार्यालयले उपलब्ध गराएको **username** र **password** प्रयोग गरी आवेदन दस्तुर, मिल्दो विषय आदि Verify गर्नु पर्ने छ । सम्बन्धित क्याम्पस/विभाग/कार्यक्रमहरूबाट Verify भए पश्चात् डीन कार्यालयबाट Approved भइसकेपछि मात्र मिति २०७९ साल माघ १८ गतेदेखि परीक्षार्थीहरूले आफ्नै **username** र **password** प्रयोग गरी प्रवेश-पत्र प्राप्त गर्न सक्ने छन् ।
- ➢ साथै, त्रि.वि. कार्यकारी परिषद्को निर्णयअनुसार क्याम्पसहरूले सम्बन्धन/स्वीकृति लिएका प्रत्येक विषयहरूमा कम्तीमा १० जना विद्यार्थी भर्ना गरी कार्यक्रम सञ्चालन गर्न समेत सूचित गरिएको छ । यदि १० जना भन्दा कम विद्यार्थीहरू भएको खण्डमा सम्बन्धित विषयको पठनपाठन सञ्चालन गर्न नपाइने व्यहोरा समेत जानकारी गराइन्छ ।

.................................

**प्रा.डा. तारा प्रसाद भुसाल**
**सहायक डीन**